# माटो परिक्षण किन र कसरी ?

**परिचयः**


विरुवाको लागि आवश्यक खाद्यतत्वहरू माटोमा आवश्यक मात्रामा भएमा बाली बिरुवाको बृद्धि राम्रो भई उत्पादन बढी हुन्छ भने नपुग भएमा उत्पादन कम हुन्छ । त्यसैले, कुनै पनि बाली लगाउन भन्दा पहिले त्यस ठाँउको माटोमा कुन कुन खाद्यतत्वहरु कति कति मात्रामा छन् र माटोको भौतिक बनोट कस्तो छ भन्ने कुराको ज्ञान हुनु नितान्त आवश्यक छ । बाली लगाउन भन्दा पहिले माटोमा कुन कुन खाद्यतत्वहरूको मात्रा कति छन् ? कुन बालीको लागि कुन मल कति प्रयोग गर्नुपर्दछ ? माटोमा के समस्याहरू छन् ? भन्ने इत्यादि कुराहरूको जानकारी लिने एक मात्र उपाय माटो परीक्षण गराउनु हो ।

**माटो परिक्षणका फाईदाहरु**

* माटोमा वाली विरुवाको लागी आवश्यक पर्ने खाद्यतत्वहरु (पोषक तत्वहरु)को अवस्था थाहा पाउन सकिन्छ ।
* माटो परिक्षण नतिजाको आधारमा कुन वाली र वस्तुहरुको लागी कुन मल र कति मात्रामा प्रयोग गर्नु पर्दछ भन्ने कुराको जानकारी हुन्छ ।
* माटो परिक्षण नतिजाको आधारमा आवश्यक पर्ने मल चाहिने मात्रामा मात्रै प्रयोग गरिने भएकोले अनावस्यक मलखादको प्रयोगमा कमि हुन्छ जसबाट उत्पादन लगानीमा कमि आउनाका साथै कृषि कर्मबाट वातावरणमा हुने प्रदुषणबाट बचाउँछ ।
* माटोमा रहेका विभिन्न समस्याहरुको पहिचान भई समस्याहरु समाधान गर्न अनुकुल हुन्छ साथै यसले वालीहरुको उत्पादन बृद्धिमा टेवा पुर्‍याउँछ ।

## माटो परिक्षणका लागी नमुना लिने तरिका

१. आफ्नो खेत/बारीको अवलोकन गरि जग्गाको विभिन्न ठाउँ बाट माटोको नमुना संकलन गर्नुपर्दछ । यसरि नमुना लिंदा मलिलो/कम मलिलो, सिंचित/असिंचित, पानी जम्ने/नजम्ने जस्ता स्थानबाट माटो संकलन गर्नुपर्दछ । यसका लागि खेत/बारिलाई चित्र १ मा देखाइए जस्तो आकारमा विभाजन गरि नमुना लिन सकिन्छ ।




चित्र नं. १

२. कोदालो वा फरुवाको सहयोगले नमुना लिने स्थानको माथिल्लो सतहको १ देखि २ ईन्च माटो र माटोको सतहमा रहेका झारपात, जरा, पातपतिंगर, ढुंगा आदि लाई सावधानिपुर्वक हटाउनु पर्छ । (चित्र २)



चित्र नं. २

३. त्यसपछि चित्र ३ मा देखाईए अनुसार V आकारको ८-१० इन्च गहिरो खाल्डो खनी एकातिर बाट करिब एक डेढ ईन्चको माटोको चपरा निकाल्नुपर्दछ । फलफुल बाली खेती गर्ने ठाउँको लागि ठाउँ हेरी ०.५ देखि १ मिटर गहिराई सम्मको माटो लिनुपर्दछ ।








चित्र नं. ३

४. लिएका सबै नमुनाहरु लाई एकै भाँडोमा मिसाई, डल्ला फुटाउने र माटोमा बढि चिस्यान भएमा घाम नपर्ने ठाउँमा केहि बेर सुकाउने । यस बेलामा पनि माटोमा रहेका स-साना ढुंगा, काठका टुक्रा, जराहरु लगायतका अन्य बाह्य वस्तुहरु छानेर हटाउनु पर्दछ । (चित्र ४)



चित्र नं. ४

५. यसरि तैयार भएको माटोको नमुना मध्ये परिक्षण गर्नका लागि लगभग आधा के.जी. माटो आवश्यक पर्दछ । यस परिणामको माटो निम्न अनुसार तैयार गर्न सकिन्छ ।

| | | | | |
|---|---|---|---|---|
|  |  |  |  |  |
| मसिनो पारेको माटोलाई गोलाकार दिई चित्रमा भैँ चार भागमा विभाजन गर्ने | चार भाग मध्ये दुई भागको माटो हटाउने र बाँकी रहेको माटोलाई मिसाएर फेरी गोलो आकार दिने | गोलो आकार दिएको माटोलाई फेरी चार भागमा विभाजन गर्ने | पहिले भैँ गरि यी चार भाग मध्ये दुई भाग हटाउने | यसरी यो प्रक्रिया निरन्तर गर्दै आधा के.जी. माटोको नमुना तयार गर्ने |

६. यसरि तैयार भएको माटोको नमुना लाई कालो प्लाष्टिकको थैलीमा राखि त्यस भित्र निम्न विवरण सहितको कागज समेत राखि परिक्षणका लागि ल्याउनु पर्दछ ।

**माटोको नमुना सँग राख्नुपर्ने विवरण**

| | |
|---|---|
| १. कृषकको नाम: | २. ठेगाना : |
| ३. जग्गाको किसिम : खेत/बारी/पाखो/पानी जम्ने आदि | ४. नमुना लिएको मिति : |
| ५. नमुना लिइएको जग्गामा यस अधि लगाइएको बाली : | ६. सिंचाई सुविधा : भएको/नभएको |
| ७. माटो परिक्षण पछि लगाउन चाहेको बाली : | |
| ८. मलखाद प्रयोगको अवस्था : | |

कञ्चन गाउँपालिका
(कृषि विकास शाखा)
कञ्चन-२, रुपन्देही

नि. प्रमुख प्रशासकिय अधिकृत